# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को नियम ३ को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची १ को क्रमसंख्या १५ र अनुसूची २ को शीर्षक नं. १५ मा रहेको "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरू झिकी सोको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरू राखेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

## सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह नयाँ दिल्लीमा सम्पन्न हुने नेपाल भारत संयुक्त उच्चस्तरीय कार्यदलको दोस्रो बैठकमा भागलिन जानुभएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री यादव कान्त सिलवाललाई मिति २०४८।५।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले लोक सेवा आयोगका सदस्य श्री सन्तबहादुर राईले श्री ५ को सरकारको सचिव पदबाट दिनु भएको राजीनामा मिति २०४८।५।११ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

### श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी अस्थायी तवरले पैठारी गरी ल्याएको चलचित्रहरू नेपालमा प्रदर्शन भएपछि ३ महिना भित्र फिर्ता लगेमा साधारण भन्सार महसूलको ५०% छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उप-सचिव



मुद्रण तथा प्रकाशन विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।